# सङ्क्रमण फैलिन नदिनका लागि ध्यान दिनुपर्ने बुँदाहरू

**कोरोना भाइरस सङ्क्रमणको फैलावटलाई रोक्नका लागि कुनै पनि किसिमका कार्यक्रम वा पार्टीमा भाग लिने बेलामा निम्न बुँदाहरूमा ध्यान दिनुहोस्।**



यदि शरीर सन्चो छैन भने कुनै पनि किसिमका कार्यक्रम वा पार्टीमा भाग नलिने।



सजिलै गुम्सिन / भीडभाड हुन / प्रत्यक्ष भेटघाट हुन सक्ने स्थानहरूमा या सङ्क्रमण रोकथामका आधारभूत उपायहरू सही ढङ्गमा कार्यान्वयन नगरिएका कार्यक्रम वा पार्टीमा भाग लिन कम गर्ने। विशेषगरि, धेरै सङ्ख्यामा मानिसहरू भीडभाड हुने र चर्को आवाज उत्पन्न गर्ने जात्रा-समारोहहरू, पार्टीहरू आदिमा भाग लिन कम गर्ने।




कुनै पनि किसिमका कार्यक्रम या पार्टीमा भाग लिँदा उपयुक्त पारस्परिक दूरी कायम गर्ने, हात र औँलाहरूमा कीटाणुशोधनको प्रयोग गर्ने, मास्क लगाउने र ठूलो स्वरले कुरा नगर्नेजस्ता सङ्क्रमणलाई रोक्ने उचित उपायहरू अपनाउने।



बाटोघाटो वा रेस्टुरेन्टहरूमा धेरै अथवा मध्यरातसम्म रक्सी पिउने, रक्सी पिएर जात्रा-समारोहमा भाग लिने सन्दर्भमा, उक्त जात्रा-समारोहको धार्मिक र सांस्कृतिक विशेषताहरूलाई ध्यानमा राख्दै सकेसम्म पिउने कार्यक्रमहरूमा भाग नलिने।




आवश्यकताअनुरूप परिवारसँगै घरैमा समय बिताउने, अनलाइन इभेन्टमा भाग लिनेजस्ता नयाँ र रमाइलो गर्ने तरिका केही छ कि विचार गर्ने।



कोरोना भाइरस सङ्क्रमण भएको शङ्का लागेमा चिकित्सा संस्थानमा निदान गराउने सम्बन्धी केही प्रश्न छ भने आफू बस्ने ठाउँको स्थानीय तहको परामर्श काउन्टरलाई कल गर्नुहोस्।

「ありがとう」が感染予防の輪をつくる

内閣官房 Cabinet Secretariat
新型コロナウイルス感染症対策推進室

# टेलिफोन परामर्श काउन्टर

## प्रत्येक प्रान्तका परामर्श काउन्टरहरू

(चिकित्सा संस्थामा निदान गराउनेसित सम्बन्धित प्रश्नहरू )

| | |
|---|---|
| やさしいにほんご (Plain Japanese) | https://www.covid19-info.jp/area-jp.html |
| English | https://www.covid19-info.jp/area-en.html |
| Português (Portuguese) | https://www.covid19-info.jp/area-pt.html |
| 简体中文 (Simplified Chinese) | https://www.covid19-info.jp/area-cs.html |
| 繁体中文 (Traditional Chinese) | https://www.covid19-info.jp/area-ct.html |
| 한국어 (Korean) | https://www.covid19-info.jp/area-kr.html |

## स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको टेलिफोन परामर्श काउन्टर

(सङ्क्रमणको अवस्था र सामान्य मामिलाका प्रश्नहरू )

**0120-565-653** (9:00–21:00)

उपलब्ध भाषाहरू English, 中文 (Chinese), 한국어 (Korean), Português (Portuguese), Español (Spanish), ภาษาไทย (Thai), Tiếng Việt (Vietnamese)

# विदेशी नागरिकहरूको दैनिक जीवन सहायतासित सम्बन्धित जानकारी आदि

## विदेशी नागरिकहरूको निवास सहयोग केन्द्र (FRESC)

(जापान आप्रवास ब्यूरो)

http://www.moj.go.jp/isa/support/fresc/fresc01.html

## विदेशी नागरिकहरूको दैनिक जीवन सहायता पोर्टल साइट

प्रत्येक मन्त्रालयको सहायता उपाय र त्यस क्षेत्रमा हुने विदेशी नागरिकप्रति लक्षित दैनिक जीवन परामर्श काउन्टरको सूचीलाई अलग-अलग भाषामा प्रकाशित।

शीर्ष पृष्ठ : http://www.moj.go.jp/isa/support/portal/index.html